नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
मंसीर/पौष २०७५ (December 2018) वर्ष २२/अङ्क २६१

## खीष्टमलाई सार्थक र उल्लासपूर्ण बनाऔं

- श्री लेखनाथ पौडेल

खीष्टमस (क्रिसमस) प्रभु येशू खीष्ट यस संसारमा मानिसको उद्धार गर्नको लागि मानिस भएर जन्मनुभएको दिनको सम्झनामा मनाइने उत्सव हो। यो हरेक इसाई विश्वासीहरूको निम्ति एउटा महत्त्वपूर्ण समय हो। खीष्टमसलाई हामी बडादिन पनि भन्छौं। हरेक वर्ष डिसेम्बर २५ (पौष १०) का हामी नेपालमा खीष्टमसलाई एउटा उत्सव (चाड) को रूपमा मनाउँछौं। अन्य कतिपय मुलुकहरूमा नोभेम्बर महिनादेखि नै यो उत्सव मनाउने गरेको पनि पाइन्छ र कतिपय देश तथा केही सम्प्रदायहरूले जनवरीको पहिलो हप्तामा पनि खीष्टमस मनाउने गर्छन्। नेपालमा भने डिसेम्बर महिना लागेपछि नै खीष्टमसका गीतहरू गाउने, शुभकामना आदानप्रदान गर्ने, खीष्ट जन्मसम्बन्धी सुसन्देश सुनाउने काम गरिन्छ र यो कार्य डिसेम्बरको अन्तिम हप्तासम्मै जारी रहन्छ। वास्तवमा हामी नयाँ जन्म पाएका इसाईहरूको निम्ति मनाउनको लागि भनेर दिइएको कुनै चाड हामी बाइबलमा पाउँदैनौं तथापि खीष्ट येशू प्रभु हाम्रो उद्धार गर्न मानिसको रूपमा जन्मनुभएको दिनको सम्झनास्वरूप डिसेम्बर महिनाभरि र विशेष् रूपमा डिसेम्बर २५ र आसपासका दिनहरूमा हामी खीष्ट जन्मोत्सव अर्थात् खीष्टमस हर्षोल्लासका साथ मनाउँछौं। खीष्टमस मनाउने प्रचलन चौथौं शताब्दिदेखि सुरु भएको मान्यता रहेको छ।

प्रभु येशू खीष्टको जन्म हुँदा सबभन्दा पहिले स्वर्गदूतहरूले बेथलेहेममा रहेका गोठालाहरूलाई असल खबर दिँदै स्तुति गान गाएका थिए। गोठालाहरूले यो सन्देश पाउने बित्तिकै झट्टै प्रभुलाई हेर्न गएका थिए र उहाँलाई देखी रमाउँदै फर्केका थिए (लूका २:८-१८)। उहाँको जन्मको उत्सुकतापूर्वक प्रतीक्षा गरिरहेका पूर्वका ज्ञानी ज्योतिषीहरू समेत उहाँको जन्मका चिन्हहरू पछ्याउँदै उहाँलाई हेर्न बेथलेहेमसम्म आइपुगे र उहाँलाई भेटीहरू चढाए (मत्ती २:१-११)। उहाँको जन्मको प्रतीक्षा गर्दै मन्दिरमा बसिरहेका शिमियोन र हन्नाले उहाँलाई देख्ने बित्तिकै आफैलाई धन्य सम्झेर उहाँको स्तुतिगान गाए (लूका २:२५-३८)। वास्तवमा प्रभु येशूको जन्मको बारेमा उहाँ जन्मनुभन्दा सैयौं वर्षअघिदेखि नै अगमवक्ताहरूले भविष्यवाणी गरेका थिए (यशैया ७:१४; मीका ५:२)। र स्वयं उहाँकी आमा मरियम र तिनका पति योसेफलाई समेत परमेश्वरद्वारा जानकारी गराइएको थियो (लूका १:२९-३३, ३५; मत्ती १:२०-२१)। खीष्ट येशू प्रभु यस संसारमा हामी मानिसलाई परमेश्वरसँग मिलाप गराउने इम्मानुयल भएर जन्मनुभयो (मत्ती १:२३)। हामीलाई उद्धार गर्न मानिसको रूपमा जन्मनुभयो र हाम्रो उद्धार गर्न बलिदानस्वरूप क्रूसमा मर्नुभयो र मरेको तेस्रो दिनमा जीवित भई उठ्नुभयो र हामीलाई अनन्त जीवन दिनुभयो (रोमी ४:२५; १ पत्रुस ३:१८)। जीवित भई उठ्नुभएपछि केही दिन चेलाहरूलाई शिक्षा दिँदै तिनीहरूसँग रहनुभयो र धेरै मानिसहरूले देख्नेगरी उहाँ स्वर्गमा उचालिनुभयो (लूका २४:१-५१; प्रेरित १:९)। उहाँ स्वर्गमा उचालिँदै गर्नुहुँदा उहाँ हामीलाई फेरि लिन आउनुहुने घोषणा गरियो (प्रेरित १:१०-११)। हामी प्रभुमा विश्वास गर्नेहरू उहाँको पुनर्आगमनको प्रतीक्षा गर्दै उहाँ जन्मनुभएको सम्झनामा उत्सव मनाउँछौं। उहाँ मानिस भएर जन्मनुभएको कारण हामी हाम्रा सृष्टिकर्तासँग मिलापमा रहन पाएका छौं। तसर्थ उहाँको जन्म सारा मानव जातिको लागि अत्यन्तै महत्त्वपूर्ण छ।

**खीष्टमसका बारेमा हाम्रो धारणाः**

**हामी दिनलाई होइन तर प्रभुको जन्मलाई महत्त्व दिन्छौं !** कतिपयले भन्ने गर्छन्, "२५ डिसेम्बरको दिन खीष्ट जन्मनुभएको होइन, हामीलाई यो मनाउन भनेर बाइबलमा कहीं लेखिएको छैन, यो बाइबल सम्मत होइन।" तर हामीहरू दिन होइन तर खीष्टको जन्मलाई मान्यता दिन्छौं। खीष्ट येशूको जन्म भएको दिन कुन हो भनेर हामीलाई ठयाक्कै थाहा छैन र बाइबलमा पनि उल्लेख गरिएको छैन तर बाइबलीय तथा अन्य ऐतिहासिक तथ्यहरू हेर्दा जाडोको मौसमतिर भएको पाउँछौं। यसर्थ हामी जाडो लागेदेखि नै खीष्ट जन्मसम्बन्धी भजन गाउँछौं अनि विश्वभरमा र नेपालमा पनि हामी २५ डिसेम्बरका दिन प्रभु जन्मको उत्सव मनाउँछौं। प्रभु जन्मको उत्सव हामी हरेक दिन अर्थात् ३६५ दिन नै मनाउन सक्छौं तसर्थ हामी २५ डिसेम्बरमा अझ विशेष् प्रकारले मनाउँछौं। यसैले यो दिनमा खीष्टमस मनाउनु बाइबलसम्मत नै छ।

**हामी मिथ्या पात्र तथा वस्तुहरू होइन तर प्रभु येशूलाई महत्त्व दिन्छौं !** कतिपयले खीष्टमस आउने बित्तिकै रातो कपडा लगाउने सान्ता क्लाउज (मिथक पात्र) लाई सम्झने गर्छन् र राती आएर उपहार दिने भनी सम्झन्छन्। अनि कतिपयले क्रिसमस ट्रि (सायद सल्लाको एक प्रजातिको रुख) लाई घरमा ल्याएर सजाउने र त्यसको वरपर उपहारहरू राख्ने गर्छन्। हामी नयाँ जन्म पाएका, सुसमाचारमा विश्वास गर्ने (इभान्जेलिकल) इसाईहरूले त्यस्ता काल्पनिक पात्रहरू तथा वस्तुहरूलाई मान्यता दिँदैनौं र त्यसलाई मान्दैनौं। हामी प्रभु येशू खीष्टमा नै हाम्रो सारा विश्वास र भरोसा राख्छौं र सबै कुराको निम्ति उहाँसँग नै प्रार्थना गर्छौं। हामी प्रभु येशू खीष्टको नै आराधना र जयजयकार गर्छौं।

**हामी रमझम र तडकभडक होइन तर भित्री आनन्द तथा उत्सवलाई महत्त्व दिन्छौं !** कतिपय मानिसहरू खीष्टमसलाई पार्टी जाने, पेय पदार्थहरू सेवन गर्ने तथा रमझम गर्ने उत्सवको रूपमा लिने गर्छन् तर हामी इसाई विश्वासीहरू यसलाई प्रभु येशूसँग समय बिताउने, उहाँको आराधना र प्रशंसा गर्ने अनि विश्वासीहरूसँग खुशी साटासाट गर्ने उत्सवको रूपमा लिन्छौं।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरुजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| मंसीर २२<br>December 8 | पाष्टर रोबर्ट कार्थक<br>पाष्टर सामुएल कार्थक | डीकन<br>राजु तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | श्री<br>ध्रुब घिमिरे | एल्डर<br>श्रीलक्ष्मी सैंजु | एल्डर<br>नभराज के.सी. | एल्डर<br>घन श्याम दाहाल |
| मंसीर २९<br>December 15 | एल्डर<br>घन श्याम दाहाल | डीकन<br>सिद्धि खालिङ | डीकनेस्<br>रमा राई | पाष्टर<br>रोल्याण्ड रोंगोंग | श्री<br>सुकराम तामाङ्ग | डीकन<br>रूद्र राई | श्री<br>प्रकाश शर्मा |
| पौष ७<br>December 22 | बाल दिवस | श्री<br>सरुष मान तामाङ्ग | डीकन<br>बाग मान तामाङ्ग | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>रूबेन श्रेष्ठ | श्री<br>परशुराम अधिकारी | डीकन<br>पुरुषोत्तम न्यौपाने |
| पौष १०<br>December 25 | **खीष्ट जन्मोत्सव कार्यक्रम** | | | | | | |
| पौष १४<br>December 29 | श्री<br>लेखनाथ पौडेल | एल्डर<br>मान बहादुर मगर | एल्डर<br>जेम्स राई | एल्डर<br>सीता गुरूङ्ग | डीकन<br>सिमोन भण्डारी | एल्डर<br>घन श्याम दाहाल | पाष्टर<br>बि.बि. खवास |
| पौष २१<br>January 5 | पाष्टर सामुएल कार्थक<br>पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पाष्टर<br>बि.बि. खवास | श्रीमती<br>गंगा श्रेष्ठ | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>शरण राई |

**यसलाई अझ सार्थक र उल्लासपूर्ण बनाउने केही सुझावहरू:**

खीष्टमसलाई अझ सार्थक र उल्लासपूर्ण बनाउने जिम्मेवारी प्रभुलाई पछ्याउने हरेक विश्वासीहरू (मण्डली) को काँधमा हुन्छ। यसलाई एक्लै वा एकल परिवारभित्र रहेर मात्रै पनि मनाउन सकिन्छ साथै यसलाई बृहत परिवार (मण्डली) र समुदाय (छरछिमेकी) लाई पनि समावेश गरेर मनाउन सकिन्छ। हामी एक्लै वा एकल परिवार समूहभित्र मनाएमा यो उत्सव त्यही मात्र सीमित रहन्छ र यसले भर्खर प्रभुलाई चिनेका पहिलो पुस्ता विश्वासीहरू र येशू प्रभुलाई अझसम्म नपछ्याएका छरछिमेकीहरूलाई खासै उल्लासमय बनाउँदैन। यसलाई उल्लासमय मनाउन बृहत परिवार (मण्डली) र समुदाय (छरछिमेकी) लाई पनि यसमा समावेश गर्नुपर्छ। यसका लागि हामीले खीष्टमसको समयमा वा खीष्टमस मनाइने दिनमा चिनेका र नचिनेका गरी कम्तीमा पनि ३ देखि ५ जनासम्मलाई केही उपहार दिन सक्छौं। उपहार ठूलो हुनुपर्दैन तर उपहारले प्रेम गरिएको कुरालाई व्यवहारमा देखाउँछ (याकूब २:१४-२२)। आफ्नो घरमा छिमेकी, नातेदार वा आफन्तलाई भोजमा निम्ता दिएर उनीहरूलाई पनि आफ्नो खुशीमा समावेश गर्न सक्छौं र केही मात्रामा भए पनि प्रभुको प्रेम बाँड्न सक्छौं। हाम्रा समाजमा वा समुदायमा रहेका अत्यन्तै खाँचोमा परेकाहरूलाई उनीहरूको खाँचोको केही हिस्सा पूरा गरेर पनि हामी उत्सव मनाउन सक्छौं। जस्तै अत्यन्तै खाँचोमा जाडोको लागि न्यानो कपडा बाँडेर, खाद्यान्न वा अन्य खाँचोका कुराहरू किनिदिएर हामी खीष्टमसलाई सार्थक बनाउन सक्छौं। यसो गर्दा अरू मानिसहरूले पनि प्रभुको प्रेमलाई हामीद्वारा महसुस गर्न सक्छन्। हामीले यदि खाँचोमा परेकाहरूलाई दियौं भने वास्तवमा त्यो प्रभुलाई नै दिएको जस्तै हो (हितोपदेश १९:१७)। किनकि यस्तै प्रेम प्रभुले हामीमा देख्न चाहनुहुन्छ। यो उत्सवलाई सार्थक गर्न कतिपयसँग बिग्रेको सम्बन्ध समेत हामी सुधार गर्ने अवसरको रूपमा यो समयलाई लिन सक्छौं। परमेश्वरसँग बिग्रेको सम्बन्ध सुधार गर्नलाई प्रभु येशू मानिस बनेर यस पृथ्वीमा जन्मनुभयो र एउटा ठूलो उदाहरण प्रस्तुत गर्नुभयो (रोमी ५:१०-११; २ कोरिन्थी ५:१९)। हामी प्रभुका चेलाहरूले पनि यो उदाहरणलाई पछ्याएर यो उत्सवलाई अझ सार्थक बनाउन सक्छौं। खीष्टमस हाम्रो लागि एउटा सामान्य उत्सव मात्रै होइन यो हाम्रो लागि बृहत संगतिको एउटा अनुपम समय पनि हो। यसको आत्मिकी, सामाजिक तथा पारिवारिक महत्त्व छ। यसपालिको खीष्टमस एक्लै वा एकल परिवार समूहमा मात्रै होइन तर बृहत परिवार (मण्डली परिवार र विशेष गरी भर्खर प्रभुलाई चिनेका विश्वासीहरू) र समुदाय (छरछिमेकी, नातागोता, आफन्त, साथीभाइ) समेतलाई समावेश गरी यसलाई सार्थक बनाउन सक्छौं। यो उत्सवलाई सबैलाई समेट्ने महोत्सव बन्न सकोस्। यो वर्षको खीष्टमस सबैलाई प्रेम बाँड्ने, आत्मियता बाँड्ने, वास्ता गर्ने, एकाअर्कासँग सम्बन्ध सुमधुर गर्ने र परमेश्वरको घनिष्टतामा अझै एक कदम अगाडि बढ्ने समय हुन सकोस्। सबैलाई खीष्टमस २०१८ तथा प्रभुको वर्ष (नयाँ वर्ष) २०१९ को हार्दिक शुभकामना !

## हार्दिक शुभकामना

प्रभु येशू खीष्टको जन्मोत्सव (खीष्टमस) तथा नव वर्ष सन् २०१९ को सुखद् अवसरमा नेइम अन्तर्गतका सम्पूर्ण मण्डली परिवारहरू, शाखा तथा आवद्ध मण्डलीहरू, देश विदेशमा हुनुभएका सम्पूर्ण मण्डली परिवारहरू साथै सम्पूर्ण देशवासीहरूमा प्रेम, मेलमिलाप, एकता र शान्तिको लागि प्रार्थना तथा शुभकामना व्यक्त गर्दछौं।

## डिसेम्बर महिनाको कार्यक्रम

मंसीर २३ गते/डिसेम्बर ९ तारिख आइतबार बिहान १०:०० बजे **नेइम परिषद्को बैठक** नेइम ज्ञानेश्वर मण्डलीमा।

पौष १ गते/डिसेम्बर १६ तारिख आइतबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ-आफ्नो ठाउँमा।

पौष १० गते/डिसेम्बर २५ तारिख मंगलबार **खीष्टमस सेवा** आ-आफ्नै मण्डलीमा।

पौष १६ गते/डिसेम्बर ३१ तारिख आइतबार राति ९:३० बजे **आधा रातको प्रार्थना** आ-आफ्नै ठाउँमा।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | गोदावरी | जोरपाटी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|
| मंसीर २२<br>December 8 | पाष्टर<br>रोल्याण्ड रोंगोंग | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>गोपी राई | एल्डर<br>सागर थापा | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च | एल्डर<br>राजु श्रेष्ठ |
| मंसीर २९<br>December 15 | श्री<br>पदम पोखेल | पाष्टर<br>रोबर्ट कार्थक | **संयुक्त सेवा जोरपाटी चर्च** | | | | एल्डर<br>पिटर लिम्बू | डीकनेस्<br>अमृता कार्थक | एल्डर<br>जोरविर राई |
| पौष ७<br>December 22 | संयुक्त सेवा<br>ललितपुर चर्च | एल्डर<br>गोपी राई | डीकन<br>पेशल राई | श्री<br>अमृत लामा | पाष्टर<br>प्रेम श्रेष्ठ | डीकन<br>भक्ति लामा | डीकन<br>जिल्बर्ट मिशो | एल्डर<br>पिटर लिम्बू | डीकनेस्<br>नविना लिम्बू |
| पौष १०<br>December 25 | **ख्रीष्ट जन्मोत्सव कार्यक्रम** | | | | | | | | |
| पौष १४<br>December 29 | श्री<br>सुदन रूचाल | डीकन<br>लाक्पा लामा | डीकन<br>राज गुरूङ्ग | डीकनेस्<br>रूष लामा | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>सागर थापा | श्री<br>प्रशान्त सिंह | पाष्टर<br>कर्ण तामाङ्ग | डीकन<br>डिल्ली बहादुर राई |
| पौष २१<br>January 5 | श्री<br>भुवन देवकोटा | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>सागर थापा | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>छोदेन कार्थक | संयुक्त सेवा<br>धापासी चर्च |

## विशेष प्रार्थना

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पाटीहरूलाई देश चलाउनको निम्ति ज्ञान, बुद्धि एकता र मेल मिलाप मागिदिऔं ।

२. देशको आर्थिक, सामाजिक, भौतिक साथै अन्य सबै क्षेत्रमा उन्नति, प्रगति, सुधार आएको होस् ।

३. ख्रीष्टमसको अवसरमा विभिन्न माध्यमहरू जस्तै रेडियो, एफ.एम., टि.भी., नाटक, भजन तथा गीतहरूद्वारा प्रचारिने सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् साथै विभिन्न मण्डलीहरूमा हुने ख्रीष्टमस सेवाहरूको लागि प्रार्थना गरिदिऔं ।

४. पौष १० गते/डिसेम्बर २५ तारिख सोमबार हुने ख्रीष्टमस सेवामा वचनको सेवकाइ गर्नुहुने, आराधना झुण्ड, संचालन गर्नुहुने साथै सो दिनको कार्यक्रममा साउण्ड सिस्टम, सुरक्षा, मौसम, टाढा नजीकबाट आउनुहुने मण्डलीका सदस्यहरू र सबै व्यवस्था मिलाउनेहरूको लागि प्रार्थना गरिदिऔं ।

५. सारा संसारका मानिसहरूले ख्रीष्टमसको सही अर्थ बुझेर यो उत्सव मनाउन सकून् ।

६. ख्रीष्टमसको अवसरमा पारिवारिक भेटघाटको लागि यात्रा गर्नुहुने साथै सारा संसारभरि हुने सेवा संगतिहरूको सुरक्षाको लागि प्रार्थना गरिदिऔं ।

७. आउँदो वर्ष २०१९ साल नेपाली इसाई मण्डली, आउटरीच संगति साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित् भएर जानको लागि परमेश्वरबाटको विशेष् अगुवाइ मागौं ।

८. आउँदा दिन र वर्षहरूमा पनि प्रभुको इच्छा र योजना पूरा गर्दै जान देशका सबै मण्डलीहरू साथै ख्रीष्टिय संघ संस्थाहरूको निम्नि पवित्र आत्माको अगुवाइ र निर्देशनको लागि प्रार्थना गरिदिऔं ।

९. नेपाली इसाई मण्डलीका सम्पूर्ण गुरुजनहरूको सेवकाइ, स्वस्थ, व्यवसाय साथै परिवारको लागि प्रार्थना गरिदिऔं ।

१०. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## जानकारी

कार्तिक २४ गते नोभेम्बर १० तारिख शनिबार नेइम पनौती चर्चमा ४ जनाको समर्पण भयो ।

कार्तिक २४ गते नोभेम्बर १० तारिख शनिबार नेइम सिर्जनानगर चर्चमा २ जनाको बाल अर्पण र ३ जनाको समर्पण भयो ।

मंसीर १ गते नोभेम्बर १७ तारिख शनिबार नेइम काटाकुटी, दोलखा चर्चको अगुवा श्री जगत तामाङ्गलाई एल्डर अभिषेक गरियो ।

मंसीर १५ गते डिसेम्बर १ तारिख शनिबार नेइम जहरसिंह पौवा चर्चमा ३ जनाको समर्पण भयो ।



गोंगबू बस्नुहुने नेइम गोंगबूँ मण्डलीको सदस्य श्रीमती मन कुमारी बराल ९६ वर्षको उमेरमा कार्तिक १५ गते/नोभेम्बर १ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।



ललितपुर बस्नुहुने श्रीमती एरिना कार्थक ८१ वर्षको उमेरमा कार्तिक १८ गते/नोभेम्बर ४ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार** Sunday | १६ 2<br>मण्डलीका सबै सेवक/सेविकाहरू आफ्नो सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>१ पत्रुस ५:२-४ | २३ 9<br>नेइमअन्तर्गत विभिन्न शाखा आवद्ध मण्डलीहरूमा वचनको भोक तिर्खा बढेर गएको होस् ।<br>भजनसंग्रह १०७:९ | १ पौष 16<br>नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न र विश्वास गर्न सकून् ।<br>यशैया ४५:१८-२५ | ८ 23<br>सारा संसारका मण्डलीहरू साथै मानिसहरूले ख्रीष्टमसको सही अर्थ बुझेर यो उत्सव मनाउन सकून् ।<br>रोमी १४:१७-१८ | १५ 30<br>यो वर्षभरिका सबै आशिषहरूको निम्ति सबै आदर, भक्ति महिमा परमप्रभु परमेश्वरलाई नै चढाऔं ।<br>भजनसंग्रह १०५:१-१५ |
| **सोमबार** Monday | १७ 3<br>नेपाल देशका सबै मण्डलीहरू प्रार्थना, वचन पढाइ, स्तुति प्रशंसा, सुसमाचार प्रचार, प्रेम र पवित्रताको क्षेत्रमा अझै अघि बढ्दै जान सकून् ।<br>यर्मिया २९:११ | २४ 10<br>अधुरो परिवारमा हुनुभएकाहरू सबै अवस्थामा परमेश्वरमा स्थिर रहन सकून् ।<br>भजनसंग्रह १२१:१-८ | २ 17<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएका-हरूको सेवकाइ, परिवार, संगति, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना २०:२१-२३ | ९ 24<br>सुसमाचार सुनाउने कुरामा हामी सबै लागि पर्न सकौं ।<br>रोमी १०:९-१७ | १६ 31<br>आउँदो वर्षभरि आशिषित् भएर जिउनको लागि आजदेखि नै दिन प्रतिदिन विजयको पाइला अघि बढाउँदै जान सकौं ।<br>यवस्था ११:८-१२ |
| **मंगलबार** Tuesday | १८ 4<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई हामीहरू सधैं परमेश्वरको इच्छाअनुसार जिउनको लागि पवित्र आत्माको सहायता मागौं ।<br>फिलिप्पी ४:८-९ | २५ 11<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइबाट दशांश साथै अन्य भेटी दिने काममा सधैं इमानदार भइरहन सकौं ।<br>२ कोरिन्थी ८:१-७ | ३ 18<br>संसारका देवहरूले बन्द बनाएका मानिसहरूको समझ खोलिएको होस् भनी प्रार्थना गरौं ।<br>२ कोरिन्थी ४:४, १०:३-५ | १० 25<br>सारा संसारका मानिसहरूले येशू ख्रीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी जानेर विश्वास गर्न सकून् ।<br>लूका २:८-११, यूहन्ना १४:६ | १७ January 2019, 1<br>यो वर्ष मण्डली आत्मामा, गुणमा, संख्यामा साथै अरू सबै क्षेत्रहरूमा अझै आशिषित् भएर जान सकौं ।<br>यशैया ४३:१८-२१ |
| **बुधबार** Wednesday | १९ 5<br>परमेश्वरको इच्छाअनुसार हामी दिन प्रतिदिन पवित्र आत्माको सहायतामा प्रभुमा बढ्दै जान सकौं ।<br>कलस्सी ३:१-४ | २६ 12<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउन सकून् भनी प्रार्थना गरौं ।<br>प्रेरित १६:३१-३२ | ४ 19<br>ख्रीष्टमसको अवसरमा हुने सुसमाचार प्रचार, सभा साथै सेवा संगतिहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ९:२ | ११ 26<br>ख्रीष्टमसको अवसरमा विभिन्न माध्यमद्वारा प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू परमेश्वरको राज्यमा आउन सकून् ।<br>लूका २:९-१४ | १८ 2<br>यो वर्षभरि देश, मण्डली, परिवार र व्यक्तिगत जीवनको निम्ति परमेश्वरले राखिदिनु भएको प्रशस्त आशिषहरूको निम्ति धन्यवाद चढाऔं ।<br>१ कोरिन्थी २:९, एफिसी १:३ |
| **बिहीबार** Thursday | २० 6<br>सबै विश्वासीहरू वर्तमान संसारको बहकाउने, निरास गराउने, भुलाउने कुराहरूबाट अलग रहन सकून् ।<br>रोमी १२:१२ | २७ 13<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून ।<br>भजनसंग्रह ४६:१-११ | ५ 20<br>पारिवारिक भेटघाटको लागि यात्रा गर्नुहुनेहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ९१:१-१६ | १२ 27<br>मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह २३:१-६ | १९ 3<br>यो वर्ष अझ धेरै मानिसहरू सुसमाचार, आश्चर्यकर्म साथै साक्षीद्वारा परमेश्वरको राज्यमा आउन सकून् ।<br>यूहन्ना १०:१६ |
| **शुक्रबार** Friday | २१ 7<br>आराधना सेवामा वचन प्रचार, स्तुति प्रशंसा, सुसमाचार, सञ्चालन साथै अरू सबै क्षेत्रमा जिम्मा लिनुहुनेहरू सबैको लागि प्रार्थना गरिदिऔं ।<br>१ पत्रुस ४:१०-११ | २८ 14<br>मण्डली, सेवा संगति साथै झुण्डहरूलाई प्रभुमा डोऱ्याउन सेवक/सेविकाहरूको कमी नभएको होस् भनी प्रार्थना गरौं ।<br>मत्ती ९:३५-३८ | ६ 21<br>मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२, तीतस २:११ | १३ 28<br>मण्डलीहरूका गुरुजनहरूले मण्डलीलाई प्रभुको इच्छाअनुसार डोऱ्याउन पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>यर्मिया २९:११-१२, ३३:३ | २० 4<br>परमेश्वरको इच्छाअनुसार मण्डली पवित्र आत्माको अगुवाइमा अघि बढ्दै जान सकौं ।<br>भजनसंग्रह ३२:८ |
| **शनिबार** Saturday | २२ 8<br>प्रत्येक शनिबार वचनको सेवकाइ गर्नुहुनेहरूको सेवकाइमा आशिष् मागिदिऔं ।<br>भजनसंग्रह ४७:१-९ | २९ 15<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै प्रभुमा बढ्दै जान सकून् ।<br>फिलिप्पी ३:१२-१६ | ७ 22<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>२ कोरिन्थी ३:१६-१८ | १४ 29<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा अझ जागेको होस् जसको फलस्वरूप हामी फलवन्त जीवन जिउन सकौं ।<br>भजनसंग्रह १:१-६ | २१ 5<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकौं ।<br>भजनसंग्रह १४७:१-२० |

**अन्धकारमा हिँड्ने मानिसहरूले एउटा ठूलो ज्योति देखेका छन् ।**
**मृत्युको छायाँको देशमा बस्नेहरूमाथि एउटा ज्योति उदाएको छ । (यशैया ९:२)**

**तब स्वर्गदूतले तिनीहरूलाई भने, "नडराओ, किनभने हेर, म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ । आज दाऊदको शहरमा तिमीहरूका निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ" (लूका २:१०-११) ।**